बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३



आज मिति २०७७ साल बैशाख ३ गते यस बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा बसी विभिन्न प्रस्तवहरुमा व्यापक छलफल गरि आवश्यक निर्णयहरु गरियो ।

## उपस्थिती

| क्र.सं. | पद | हस्ताक्षर |
|---|---|---|
| १ श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २ श्री ओमा शाही | उपाध्यक्ष | |
| ३ श्री अर्जविर सिंह | कार्यपालिका सदस्य | |
| ४ श्री लालभक्त सिंह | कार्यपालिका सदस्य | |
| ५ श्री मन बहादुर शाही | कार्यपालिका सदस्य | |
| ६ श्री सिर्जना बस्नेत | कार्यपालिका सदस्य | |
| ७ श्री कर्ण कामी | कार्यपालिका सदस्य | |
| ८ श्री बसन्त शाही | कार्यपालिका सदस्य | |
| ९ श्री शशीराम गौतम | कार्यपालिका सदस्य | |
| १० श्री द्वारिका प्रसाद बुढा | कार्यपालिका सदस्य | |
| ११ श्री [illegible] महतारा | कार्यपालिका सदस्य | |
| १२ श्री धनविर कामी | कार्यपालिका सदस्य | |
| १३ श्री दिन बहादुर परियार | कार्यपालिका सदस्य | |
| १४ श्री ममता पुन (घर्ती) | कार्यपालिका सदस्य | |
| १५ श्री शिला सार्की | कार्यपालिका सदस्य | |
| १६ श्री सुन्दरी सार्की | कार्यपालिका सदस्य | |
| १७ श्री दउमा बुढा | कार्यपालिका सदस्य | |
| १८ श्री गोविन्द बहादुर सिंह | सदस्य सचिव गा.का.पा. | |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णयहरु**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)संक्रमण महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

१.कोरोना भाइस (कोभिड-१९) संक्रमण, रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरीयो ।

२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका, गाउकार्यपालिकाको मिति २०७६ चैत्र ९, २०७६ चैत्र १८ गतेको निर्णय तथा मिति २०७६ चैत्र १८ गते बसेको कोरोना भाइरस बारेकोट गाउपालिका स्तरीय (कोभिड-१९) संक्रमण, रोकथाम तथा नियन्त्रण उच्च स्तरीय अनुगमण समितिको निर्णय तथा यस भन्दा अगाडि नेपाल सरकार तथा प्रदेश सरकारले बिभिन्न मितिमा गरेको निर्णय तथा निर्देशन अनुसार मिति २०७७ बैसाख १५ गते सम्म मान्छेहरुको सार्वजनिक भेला हुने स्थानीय मेला, पर्व, जात्रा, विद्यालय तथा संघ संस्थाहरुको वार्षिक उत्सव, जन्मदिन, राजनीतिक सभा, र्‍याली, जुलुस जस्ता कार्यहरु नगर्न तथा नगराउन सार्वजनिक सूचना गर्ने तथा कोरोना भाइरस बारे जनचेतना प्रवाह गर्नका लागि स्वास्थ्यकर्मी, जनप्रतिनिधि तथा नेपाल प्रहरीको सहयोगमा यसपालिका भित्रका सार्वजनिक स्थानहरुमा पुगी माइकिङका साथै जनचेतनामुलक कार्यक्रम गर्ने निर्णय गरियो ।

३. कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रणका सम्बन्धमा यसपालिका भित्र भएका बिभिन्न गतिबिधि तथा भैरहेका प्रयासहरुका बारेमा वडा नं १ देखि ९ सम्मका वडा अध्यक्ष, स्वास्थ्य संयोजक लगायत सबैबाट प्राप्त संक्षिप्त प्रतिबेदनका प्रस्तुत गरी सो उपर समिक्षा समेत गरीयो । तत्पश्चात: लकडाउनलाई पूर्णरुपमा पालना गराउन सबै वडा कार्यलयका प्रत्येक नाकाहरुमा वडा सदस्यको नेतृत्वमा आफ्ना वडाका नागरिकहरुलाई अर्को वडामा आवतजावत पूर्णरुपमा निषेध गर्ने गरि सबै वडाका वडा सदस्यहहरुलाई वडाको वैठक बसाली नाकाहरुको पहिचान गरी परिचालन गर्ने निर्णय गरीयो । जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र अन्य सरोकारवालहरुको हकमा कामको प्रकृति हेरी आवतजावतमा गर्न सहजिकरण गर्ने निर्णय समेत गरियो ।

- ४. कोरोना भाइरस (कोभिड १९) संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि यस नेपाल सरकार द्वारा मिति २०७६ चैत्र ११ गते देखि लागुभएको लकडाउनका कारण यस पालिका भित्र दैनिक मजदुरी गरि जीबिकोपार्जन गर्ने वर्ग तथा समूदायको अवस्था र भोकमरी परी थप अर्को जटिल समस्या आउन नदिनका लागि यस पालिकाको निर्देशन अनुसार वडा नं १ देखी ९ सम्मका लकडाउनका कारण समस्यामा परेका घरधुरीहरुको प्राप्त विवरण अनुसार परिवार संख्याका आधारमा कम्तिमा १ महिना सम्म खाना पुग्ने गरी नियमाअनुसार विपद व्यवस्थापन कोषबाट खर्च गर्ने तथा कोरोना भाइस ( कोभिड-१९) संक्रमण, रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि २०७७को परिधि भित्र रहि तपसिल अनुसारको खाद्यान्न राहत उपलब्ध गराउने निर्णय गरीयो । राहत उपलब्ध गराउदा प्रदेश सरकारको धेय र मर्मअनुसार अर्गानिक खानेकुरालाई पहिलो प्राथामिकता दिदै पहिलो चरणमा स्थानिय स्तरमा (सम्बन्धित वडाको) उत्पादनलाई वडा कार्यालयले खरीद गरि छनौट भएका मजदुर तथा बिपन्नहरुलाई निम्न अनुसारको राहत उपलब्ध गराउने समेत निर्णय गरीयो । । **साथै विशेष अवस्थाका बाहेक शिक्षक, कर्मचारी, जनप्रतिनिधि, ठेकेदार, पेनसन सेवा लिने नागरिकका हकमा यस पालिकाले प्रदान गर्ने राहत उपलब्ध गराईने छैन ।**

**तपसिल**

क) राहतका लागि खाद्यान्न बालि तर्फ:

- स्थानिय उत्पादन अन्न बालि तर्फ: मकै,
- अन्य तर्फ : १ पोका तेल, २ पोका नुन ।

ख) राहतका लागि स्थानिय स्तरमा उत्पादित खाद्यान्न स्थानिय स्तर कायम दररेट पालिका स्तरमा एकरुपत्रा कायम हुनेगरी :

- मकै: प्रति पाथि रु ५० दर कायम गर्ने ।

ग) ४ मानको १ पाथिलाई कायम रहने गरी राहतको निर्धाण गरीने छ ।

ङ) खाद्यबस्तु राहत वितरणका लागि देहाय अनुसारको मापदण्ड कायम गरिने छ ।

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ बैसाख ०३*
*गते*

- प्रति परिवार सदस्य संख्या ५ पाथिका दरले कायम हुनेगरी बढिमा १० जना सम्मको परिवारलाई राहत प्रदान गर्ने । ( जन्मेको मितिले १ बर्ष नपुगेका नाबालकको हकमा परिवारको सदस्यका रुपमा गणना नगरिने)

५. छनौट गरीएको मजदुर तथा बिपन्न परिवारहरुकालाई राहतका लागि उपलब्ध गराउने खाद्यान्न वस्तु **मकै तथा तेल** खरीदका लागि सम्बन्धित वडा कार्यलयको चालु खर्चमा समावेश रहने गरी बिपद व्यवस्थापन कोषबाट प्रति वडा रु १ लाख ५० हजारका दरले रकम उपलब्ध गराउने सो रकम निकासा हुनु पूर्व सम्बन्धित वडा कार्यालय वा छिमेकी वडाबाट खरीद गर्ने र सोको मात्र कति हो एकिन गरेर वडाको निर्णय पश्चात मात्र रकम पालिका बाट निकासा दिने निर्णय गरियो । साथै वडा कार्यालयबाट प्राप्त राहत लिने परिवारहरुको संख्याका आधारमा रु. १ लाख ५० हजारलाई घटाउन र आवश्यकता अनुसार थप गर्न सकिने छ भने नुनको वितरणका हकमा पालिकाले नै जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी उपलब्ध गराउन सक्ने निर्णय समेत गरियो ।

६. कोरोना भाईरस (कोभिड-१९) संक्रमणको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि यस पालिकाको कार्यालय तथा वडा कार्यालयमा २४ घण्टा समन्वय र सम्पर्कका लागि गाउपालिका कार्यालयमा निमित्त प्रमुख प्रशासकिय अधकृितको संयोजकत्वमा, सुरक्षा निकाया, स्वास्थ्य संयोजक र अन्य २ जना कर्मचारी वडा कार्यालयका हकमा वडा अध्यक्षको संयोजक्त्वमा वडा सचिव सहित रहने गरी ३ सदस्य रहने गरी मिति २०७६ चैत्र १८ गते भएको निर्णयलाई यथावत राख्दै थप प्रभावकारी रुपमा परीचालन गन गर्ने निर्णय गरीयो ।

७. कोरोना भाईरस ( कोभिड-१९) संक्रमणको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्दा दैनिक जिविकापार्जन गर्न सम्पूर्ण नागरिकहरुको दैनिक जिविकोपार्जनमा खाद्य सामाग्री दाल, चामल, तेल, नुन लगायत अत्याआवश्यक सामाग्रीको अभाव हुन नदिने पालिका भित्रका उद्योगी व्यापारीहरुलाई खाद्यान्ना आपूर्तिमा सहयोग र समन्वय आवश्यकता अनुसार आयत गर्न सक्ने व्यवस्था गर्ने सोका लागि सम्बन्धित वडाअध्यक्षहरु समेतले अग्रसरता लिने मिति २०७६ चैत्र १८ गतेको निर्णयलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरीयो । साथै बारेकाट ५ घाटमा रहेको नेपाल खाद्य संस्थान डिपो कार्यालय घाटमा चामल अभाव हुन नदिनका लागि जिल्ला प्रशासन कार्यलय र खाद्य संस्थान जाजरकोट संग आवश्यक पारामर्श गर्नुका साथै खाद्य संस्थान घाटमा चामल वितरण क्रममा ठुलो मात्रामा भिडभाड र एकै घरका धेरै सदस्यहरुले चामल लिने गरेको भन्ने जनगुनासोका आधारमा भिडभाड कम र चामल वितरण प्रक्रियालाई सहज बनाउन निम्नअनुसारका बिधि अवलम्बन गर्ने निर्णय गरीयो ।

- आइतवार देखि लागुहुने गरी वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको हस्ताक्षरित सिफारीस कुनै घर र व्यक्ति नदोहरनि गरी ।
- वडा नं १- आइतबार
- वडा नं २ र ३- सोमवार
- वडा नं ४- मंगलबार
- वडा नं ५र ६ -बुधबार
- वडा नं ७ र ८ बिहिबार
- वडा नं ९ शुक्रबार ।
- खाद्य संस्थान डिपोमा कार्यरत कर्मचारीहरुको स्वास्थ्य सुरक्षका लागि एन-१९ मास्क २ थान पञ्जा ५ थान उपलब्ध गराउनुका साथै विपद व्यवस्थापन कोषबाट खर्च हुने संस्थानमा कार्यरत २ जना कर्मचारीहरुलाई लकडाढन भएको मितिदेखि लागु हुने गरी निजहरुले पाउने दैनिक पारीश्रमिकिको ५० प्रतिशत पारिश्रमिक रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने

८. कोरोना भाईरस (कोभिड-१९) संक्रमणको सम्भावित महामारीको जोखिमलाई रोकथाम, नियन्त्रण तथा पहिचानका लागि यस पालिका भित्र भारत, तेस्रो मुलुक तथा देशका बिभिन्न ठाउबाट आएका र पालिका भित्र नै रहेका संकास्पद तथा इच्छुक व्यक्तिहरुको मिति २०७७ बैसाख ४ गते स्वाब परिक्षणका लागि प्रदेश तथा जिल्ला अस्पताल बाट आएका स्वास्थ्यकर्मी लाई सहयोग गर्ने र वडा नं १ देखी ९ सम्मका वडा अध्यक्ष ज्यूहरुले आ-आफनो वडामा रहेका त्यस्ता व्यक्तिहरुको मनोबल उच्च रहने गरी प्राथामिक स्वास्थ्य केन्द्र लिम्सासम्म अनिवार्य पठाउनका लागि सहजिकरण गर्ने निर्णय गरीयो ।

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ बैसाख ०३*
*गते*

८. कोरोना भाईरस (कोभिड-१९) संक्रमणको सम्भावित महामारीको जोखिमलाई रोकथाम, नियन्त्रणका लागि यस गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको मिनि ग्रिड कार्यक्रम शिर्षकमा विनियोजित रकमलाई **कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण विपद व्यवस्थापन कोषमा** रकमान्तर गर्ने निर्णय गरियो ।

९. संघीय सरकारका निर्णयहरु, सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७६।१२।०७ गते राष्ट्रका नाममा गर्नुभएको सम्बोधन, कोभिड १९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६। १२।०५ को १८ बुदे निर्णय तथा कर्णाली प्रदेश विपद व्यवस्थापन परिषद र कर्णाली प्रदेश कार्यकारी समितिको मिति २०७६।१२।०७ को संयूक्त बैठकका साथै कोभिड १९ को संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीया अनुगमण समितिको मिति २०७६।१२।०९को बैठक, मिति २०७७।०१।०२ को नेपाल सरकार निर्णय तथा नेपाल सरकार तथा प्रदेश सरकारले हाल सम्म विभिन्न समययमा गरेका निर्णय तथा निर्देशनहरु प्रभावकारी कार्यान्वय गर्ने निर्णय गरीयो ।

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३